# खेल पूर्वाधार निर्माणमा सार्वजनिक-निजी साझेदारी

साझेदारीको सम्भाव्यता, नीतिगत प्रस्ताव
एवं कार्यगत रणनीति, योजना र कार्यक्रमको ढांचा



अध्ययन प्रतिवेदन
नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयकोलागि
परियोजना शोध एवं व्यवस्थापन समूह प्रा लि, काठमाडौं द्वारा तयार गरिएको

आषाढ २०७५

# विषय सूचि


१. सार्वजनिक निजी साझेदारी ........................................................................................ 3

२. पूर्वाधार विकास पृष्ठभूमि ........................................................................................ 4

३. नीतिगत प्रस्ताव........................................................................................ 5

क. खेल पूर्वाधार विकासको आधार........................................................................................ 5

ख. पूर्वाधार विकास र व्यवस्थापन ........................................................................................ 7

ग. खेल पूर्वाधार विकासमा लगानी........................................................................................ 7

घ. खेल पूर्वाधारमा सार्वजनिक निजी साझेदारी........................................................................................ 8

ङ. अन्य प्रावधान ........................................................................................ 9

४. कार्यगत रणनीति, योजना र कार्यक्रम........................................................................................ 10

क. रणनीति ........................................................................................ 10

ख. लगानी........................................................................................ 11

ग. कार्य योजना ........................................................................................ 13

अनुसूचि ........................................................................................ 14

१. अध्ययन परिचय........................................................................................ 14

१.१ विषय प्रवेश........................................................................................ 14

१.२ उद्देश्यः........................................................................................ 14

१.३ अध्ययनको क्षेत्र:........................................................................................ 15

१.४ अध्ययन विधिः........................................................................................ 15

१.५ अध्ययनको सीमितता........................................................................................ 19

२. खेल पूर्वाधार विकासः योजना र साझेदारी संभाव्यता ........................................................................................ 20

२.१ खेलविधा प्रचलन र विकास........................................................................................ 20

२.२ खेल पूर्वाधार स्थिति र संभाव्यता........................................................................................ 23

३.स्थलगत अध्ययनमा सम्पर्क व्यक्तिहरु........................................................................................ 33

४. एरिना, गुजरात ........................................................................................ 37

५. फोटो ग्यालरी........................................................................................ 38

# खेल पूर्वाधार निर्माणमा सार्वजनिक-निजी साझेदारी सम्भाव्यता, नीतिगत प्रस्ताव एवं कार्यगत रणनीति, योजना र कार्यक्रमको ढांचा

## १. सार्वजनिक निजी साझेदारी

सन् ९० यताका दशकहरुमा विभिन्न मुलुकहरुमा खेल पूर्वाधार विकासमा सार्वजनिक निजी साझेदारी प्रयोग गर्ने प्रचलन बढ्दै गएको पाइन्छ। खेल पूर्वाधार विकास खर्चिलो हुंदै गएको र अन्तर्राष्ट्रिय प्रतियोगिता पछि पुन:प्रयोग हुन नसकी पूर्वाधारमा गरिएको लगानी डुब्ने स्थिति देखा परेको कारण परम्परागत ढांचाका संरचनाको सट्टा खेल प्रतियोगिता लगायत वैकल्पिक आयोजना र सार्वजनिक तथा व्यापारिक उपयोग सन्निहित गरि निरन्तर प्रयोगमा आउन सक्ने किसिमको र जग्गा भोगाधिकार (लिज)मा उपलब्ध गराइ निजी लगानी पनि आकर्षित हुन सक्ने गरि पूर्वाधार संरचित गर्ने परिपाटीको खोजी र कार्यान्वीत हुन थालेको हो। तलको तालिकाले यस प्रसंगलाई पुष्टि गर्दछ।

| क.सं. | मुलुक | खेल पूर्वाधार | विवरण | साझेदारी प्रकार | लागत परिचालन |
|---|---|---|---|---|---|
| १ | भारत | अहमदाबाद (सन् २०१६) | २०००० दर्शक अटाउने बहूखेल रंगशाला, जस्को एक भाग ४००० दर्शक क्षमताको भित्रीकक्षमा परिवर्तित गर्न सकिने + व्यापारिक प्रयोग स्थल सहित | प्रारुप, निर्माण, सञ्चालन, हस्तान्तरण<br>३५ वर्ष | लागत भारु ५५० करोड निजी संस्थाबाट |
| | | कर्णाटक इण्टीग्रेटेड खेलकुद विकास केन्द्र (निर्माणाधीन) | | निर्माण, सञ्चालन, स्वामित्व | लागत निजी संस्थाबाट |
| | | नइ रायपुर ( निर्माणाधीन) | | निर्माण, सञ्चालन, हस्तान्तरण | सहुलियत ऋण |
| २ | चीन | राष्ट्रिय ओलम्पिक रंगशाला (सन् २००८) | एक लाख दर्शक अटाउने बहूखेल रंगशाला, ओलम्पिक खेलपछि दर्शकीय क्षमता घटाइएको र व्यापारिक प्रयोगस्थल विस्तार | निर्माण, सञ्चालन, हस्तान्तरण<br>३० वर्ष | लागत डलर ४२.८ करोड, सहुलियत ऋण |
| ३ | सिंगापुर | स्पोर्टस् हब (सन् २०१४) | ५५००० दर्शक अटाउने बहूखेल रंगशाला, कभर्डहल + ४१००० वर्ग मि को व्यापारिक प्रयोग स्थल | प्रारुप, निर्माण, वित्त र सञ्चालन- २५ वर्ष | लागत सिंगापुर डलर १.३३ अरव |
| ४ | बेलायत | ओलम्पिक पार्क (सन् २०१२) | ८०००० दर्शक अटाउने बहूखेल रंगशाला, २०००० क्षमताको आक्वाटिक, १५००० क्षमताको हकी। ओलम्पिक खेलपछि दर्शकीय क्षमता कमगरी अन्य प्रयोगकोलागि रुपान्तरण | निमार्ण ठेक्का जित्नेले बजारदर भन्दा बेशी मुनाफा हिस्सा | लागत पाउण्ड ६२.५ करोड |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | अमेरिका | सेञ्चुरी लिंकफिल्ड एण्ड इभेण्ट सेण्टर, वासिंगटन (सन् २००२) | ७२००० दर्शक अटाउने बहूखेल रंगशाला (अमेरिकी फुटबल, सोकर) र प्रदर्शन स्थल | निर्माण र सञ्चालन | लागत डलर ४३ करोड जसमध्ये १३ करोड निजी लगानीकर्ताको |

पूर्व-संभाव्यता अध्ययन स्वरुप प्रदेश ४ मा गरिएको अन्र्तकृया र अवलोकन (अनुसूचिमा विस्तृत विवरण) ले खेल पूर्वाधार विकासमा निजीक्षेत्रको लगानी तथ सार्वजनिक निजी साझेदारीका ७ वटै प्रदेशमा अवलम्बन गर्न सकिने निम्न संभावनाहरु देखाएका छन:

- सरकारले जमीन भोगाधिकार (लिज)मा उपलब्ध गराएमा संवन्धित खेल क्लब वा संबन्धित खेल संघले स्वलगानी र वित्तीय कर्जालिइ शहरी क्षेत्रमा खेल पूर्वाधार विकासमा सकृय हुने छन । उदाहरणार्थः
    - आन्तरीक खेलहरुः स्नूकर, स्केटिङ, बाउलिङ, फुटसल, सामरिक खेल, व्यायामशाला/जिमखाना
    - खुला कोर्टमा भलिबल, बास्केट बल, लन टेनिस ।
    - विदेशमा जस्तो फूटबल क्लवहरुको आफ्नै रंगशाला नेपालमा तत्काल संभाव्य नरहेको ।

- सरकारले जग्गाको अतिरिक्त सहुलियत ऋण सुविधा प्रदान गरेमा व्यापारिक स्थल सहितको प्रारुपमा बहूखेल पूर्वाधार विकास गर्न सार्वजनिक निजी साझेदारी आकर्षित हुनेछ । यस बाहेक पनि विभिन्न खेलका पूर्वाधार विकासमा सार्वजनिक निजी साझेदारी आकर्षित गर्न सकिनेछ, उदाहरणार्थः
    - पर्यटकीय आगमन क्षेत्रमा पर्यटन व्यवसायी संघ, होटेल संघ संगः साहसिक खेलहरु, गोल्फ, लन टेनिस, बाइक ट्रेल,
    - आफुलाइ उच्च हैसियतमा उभ्याउन चाहने विद्यालयहरु संगः टेबल टेनिस, बैडमिण्टन, भलिबल, बास्केट बल, फुटबल
    - उद्योग व्यापारका संघ तथा खेलप्रेमी अग्रणी व्यवसायी संगः लन टेनिस, भलिबल, क्रिकेट
    - अन्तर्राष्ट्रिय खेल संघ संगः स्की, स्नोबोर्डिङ, प्याराग्लाइडिङ

## २. पूर्वाधार विकास पृष्ठभूमि

सर्वप्रथम खेलकुद विकास नीति २०६७ ले नेपालको खेलकुद क्षेत्रलाई विश्वव्यापी मूल्यमान्यता अनुसार विकास तथा विस्तारगर्न खेलकुदको सांगठनिक ढांचामा समय समपेक्ष सुधारगर्न सरकारी, गैरसरकारी एवं नीजी क्षेत्रका खेलकुद संस्थाविच समन्वय, सहकार्य एवं साझेदारीको वातावरण श्रृजनागर्ने प्रस्तावना सहित परम्परागत तथा ग्रामीण लगायत सबै उपयुक्त खेलकुद, सोकोलागि जिल्ला तथा नगर र गाऊंपालिका एवं सरकारी निकाय, विद्यालय, संस्थान सबै ठाउंमा भौतिक पूर्वाधारको विकास र विस्तार र समावेशी खेलकुद नीति अख्तियार गरेको छ ।

नीति कार्यान्वयनार्थ लागु गरिएको खेलकुद विकास ऐन २०४८ ले राष्ट्रिय खेलकूद परिषद्को स्थापना र यसले गर्ने कामहरु तोकी सो मध्ये आवश्यकतानुसार नेपाल अधिराज्यभर रंगशाला तथा खेलकूद मैदानको निर्माण गरी तिनीहरुको संरक्षण तथा रेखदेख गर्ने समेत उल्लेख गरेको छ । साथै खेलकुद विकास र विस्तारकोलागि प्रत्येक

जिल्लामा जिल्ला खेलकुद विकास समिति र नगर तथा गाउँस्तरमा पनि खेलकुद विकास समिति गठन गर्न सक्ने अख्तियारी दिएको छ ।

पूर्वाधार विकासको विषयमा सार्वजनिक-निजी साझेदारी नीति, २०७२ सार्वजनिक पूर्वाधार तथा सेवाहरूको विकास, पुनर्निमाण तथा सञ्चालनको क्षेत्रमा निजी लगानी आकर्षण गर्ने र उनीहरुको व्यवसायिकता, कार्यकुशलता, उद्यमशीलता एवम् प्राविधिकदक्षताको उपयोग गर्ने उद्देश्यकासाथ सार्वजनिक-निजी साझेदारी नीति अघि सारेको छ । कार्यान्वयनगर्न सकिने पूर्वाधार र सेवाहरू पहिचानगरी प्राथमिकता निर्धारण गरिने र नेपाल सरकारबाट हुने लगानी, सहयोग र प्रतिवद्धता सुनिश्चित गरिने रणनीतिका साथ देहायका मान्यताहरू अङ्गीकार गरेको छः

- सार्वजनिक-निजी साझेदारीलाई सार्वजनिक निकाय र निजी निकाय बिच एक निश्चित समयका लागि हुने करारको रूपमा लिई यस अर्न्तगत् निजी निकायले आयोजनाको लगानी, निर्माण-सञ्चालन, मर्मत सम्भारका सबै वा केही पक्षमा आंशिक वा पूर्ण रूपले सिर्जना हुने सम्भावित जोखिम वहन गर्ने व्यवस्था मिलाउनुका साथै त्यस्तो निकायले उचित मुनाफा लिई सार्वजनिक वा निजी सम्पत्तिको निर्माण र/वा सञ्चालन र/वा मर्मत सम्भार र/वा प्रयोगका माध्यमबाट प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सार्वजनिक सेवा प्रदान गर्ने
- यसका साथै नेपाल सरकार, मन्त्रिपरिषद्को स्वीकृति भएमा कुनै सार्वजनिक-निजी साझेदारी आयोजनालाई सार्वजनिक-निजी साझेदारी नीतिको परिधिबाट पूर्णरूपमा बाहिर राख्न सकिने समेत जनाएको छ । साझेदारी अवधारणाको कार्यान्वयनार्थ पहिचान गरिएका क्षेत्रहरूमा आधारित रहेर सबै सार्वजनिक निकायहरूले सार्वजनिक-निजी साझेदारीका आयोजनाहरूको छनौट, स्वरूप तथा उपयुक्तता निर्धारण गर्ने जनाइएको छ । राष्ट्रिय तथा स्थानीय स्तरको सार्वजनिक-निजी साझेदारी आयोजनाको लागि आवश्यक पर्ने जग्गा नेपाल सरकारले आयोजना कार्यान्वयन गर्ने निकायलाई उपलब्ध गराइने पनि उल्लेख भएको छ ।

पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३ले निजी लगानीमा देहायका कुनै तरिकाबाट परियोजना कार्यान्वयन गर्न सकिने व्यवस्था गरेको छ :-

(क) निर्माण तथा हस्तान्तरण,
(ख) निर्माण, सञ्चालन तथा हस्तान्तरण,
(ग) निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरण,
(घ) निर्माण, हस्तान्तरण तथा सञ्चालन,
(ङ) लिज, सञ्चालन तथा हस्तान्तरण,
(च) लिज, निर्माण, सञ्चालन तथा हस्तान्तरण,
(छ) विकास, सञ्चालन तथा हस्तान्तरण,
(ज) अन्य यस्तै तरिकाबाट ।

यस ऐन सम्बन्धी नियमावली, २०६४ले ऐन कार्यान्वयन प्रकृयालाइ स्पष्टता दिएको छ ।

## ३. नीतिगत प्रस्ताव

### क. खेल पूर्वाधार विकासको आधार

| | | |
|---|---|---|
| १ | संघीय तहमा | एसियाली खेलकुद प्रतियोगिता सञ्चालनको परिलक्ष्य |

| | | |
|---|---|---|
| २ | प्रदेश तहमा | दक्षिण एसियाली खेलकुद प्रतियोगिता, राष्ट्रिय खेलकुद प्रतियोगिता लगायत प्रति २ वर्षमा प्रादेशिक खेल प्रतियोगिता, खेल विधागत संघहरुले सञ्चालन गर्ने वार्षिक (राष्ट्रस्तर वा प्रदेश स्तरका) प्रतियोगिता र प्रशिक्षण |
| ३ | स्थानीय तहमा | खेल विधागत संघहरुले सञ्चालन गर्ने वार्षिक (स्थानीय स्तरका) प्रतियोगिता र प्रत्येक स्थानीय तहमा अन्तरक्लव तथा विद्यालयस्तरीय प्रचलित तथा स्थानीय विशेष खेलका प्रतियोगिता र प्रशिक्षण |

- एसियाली खेलकुद प्रतियोगिता सञ्चालनको परिलक्ष्य
    - ३०-४०,००० दर्शक अटाउने बहुखेल रंगशाला र ७-१०,००० दर्शक अटाउने बहुखेल कभर्डहल तथा बहुखेल कोर्टहरुको भक्तपुरमा नव निर्माण
    - काठमाडौं उपत्यकाका विद्यमान रंगशाला, खेलमैदान, कभर्डहल, पौडी पोखरी, सुटिङ रेञ्जहरुको स्तरोन्नति;
    - निम्न खेलका पूर्वाधारको नवनिर्माणः बेसबल, रग्बी, बउलिङ, फेन्सिङ, विएमएक्स, मउण्टेन बाइक, सडक साइक्लिङ, ट्र्याक साइक्लिङ, कलात्मक जिम, लयात्मक जिम, पेन्थालन, इक्वेष्ट्रियन -ड्रेसेज, इभेण्ट, जम्प; डाइभिङ, वाटर पोलो, क्यानोइङ-स्ललोम,स्प्रिण्ट, रोइङ, सैलिङ, जेट स्की, रोलर स्केटिङ, सडक स्केटिङ, रोलर हकी, इनलाइन स्केटिङ, स्केट बोर्डिङ

- तेह्रौं दक्षिण एसियाली खेलकुद प्रतियोगिता, आठौं राष्ट्रिय खेलकुद प्रतियोगिता लगायत प्रति २ वर्षमा प्रादेशिक खेल प्रतियोगिता
    - प्रत्येक प्रदेशमा १५-२०,००० दर्शक अटाउने बहुखेल रंगशाला र ५-७,००० दर्शक अटाउने बहुखेल कभर्डहल तथा बहुखेल कोर्टहरुः प्रदेशस्तरीय विद्यमान रंगशाला, खेलमैदान, कभर्डहलहरुको स्तरोन्नति, नभएकोमा नवनिर्माण
    - प्रत्येक प्रदेशमा निम्न खेलका पूर्वाधारको नवनिर्माणः खो खो, स्क्वाश, शुटिङ, आर्चरी, कुस्ती-फिस्टायल र ग्रेको रोमन, विएमएक्स, मउण्टेन बाइक, सडक साइक्लिङ, ट्र्याक साइक्लिङ, डाइभिङ, पौडी, वाटर पोलो

- प्रत्येक स्थानीय तहमा खेल संरचना र सञ्चालन
    - स्थानीय स्तरको ५-१०,००० दर्शक अटाउने बहुखेल रंगशाला र २-५,००० दर्शक अटाउने बहुखेल कभर्डहल तथा बहुखेल कोर्टहरुः
    - न्यूनतम निम्न खेलका पूर्वाधारः फुटबल, क्रिकेट, भलिबल, बैडमिण्टन, टेबल टेनिस, जिम र स्केटिङ; यीनका उपयुक्त पूर्वाधार भएकोमा स्तरोन्नति नभएकोमा नवनिर्माण
    - स्थानीय परम्परागत खेलकुदहरु पहिचान गरि संरक्षण विकास हेतु पूर्वाधार सिर्जना
    - चाहना वा स्थान आकर्षण भएका अन्यखेलका सम्बन्धमा धरातलिय।पर्यटकीय एवं विशेष खेलकुदहरुको पहिचान गरि सम्भाब्यताको आधारमा पूर्वाधार विकास
    - प्रत्येक माध्यमिक उच्च माध्यमिक विद्यालयमा खेलका मैदान र हल; विशेषतः विद्यालय खेलाडी सिर्जनास्थल भएको हुंदा राष्ट्रिय स्तरका खेलहरु खेलाउन।सिकाउन सकिने गरि विद्यालयहरुमा उमेर सुहाउंदा प्रशिक्षण खेलस्थलहरुको विकास

**ख. पूर्वाधार विकास र व्यवस्थापन**

पूर्वाधार विकास दीगो उपयोग र लगानी असुली हुने हिसावले संरचित गरिने जस अनुरुप खेल प्रतियोगिता नभएको अवस्थामा अन्य प्रयोजनका साथै नियमित रुपमा सञ्चालित हुने व्यवसाय कक्ष सहितको हुनेछ ।

| चरण | प्रकृया |
|---|---|
| पहिलो | ● संघिय सरकारले राष्ट्रस्तरीय, प्रदेश सरकारले प्रदेश स्तरीय तथा गाउं वा नगरपालिकाले स्थानीय तह स्तरीय खेल विकास (खेलविधा, खेलस्थान, पूर्वाधार)को गुरुयोजना भूउपयोग नीतिको परिधिमा रही बनाउने छन । |
| दोश्रो | ● सम्बन्धित पूर्वाधार विकासकोलागि संघ, प्रदेश वा स्थानीय गाउं वा नगरपालिका सरकारले स्थान तोकी जग्गा भोगाधिकारमा उपलब्ध गराउने छ तर विद्यालय वा सरकारी निकाय वा निजी क्षेत्रले पूर्वस्वीकृत खेल संरचना आ-आफ्नो परिसरमा गर्न सक्नेछन । |
| तेश्रो | ● तोकिए बमोजिम पूर्वाधार विकासको आर्थिक प्राविधिक संभाव्यता अध्ययन गरि प्रस्तावित प्रारुप सहितको परियोजना निर्माण, सञ्चालन र नियमित संभार प्रस्ताव तयार गरिनु पर्नेछ । |
| चौथो | ● संभाव्यताको आधारमा पूर्वाधार विकास बहूसहभागितामा गरिनेछ । असम्भाव्य भए पनि प्रतियोगितामा समावेश भएका खेलहरुको प्रतियोगिता समाप्त भएपछि हटाइने गरि अस्थायी पूर्वाधार सिर्जना गर्न सकिनेछ । |
| पांचौं | ● पूर्वाधार संरचना निर्माणकोलागि आवधिक कार्यान्वयन व्यवस्थापन निकाय तोकी नतीजामूलक जवाफदेहीता सहित जिम्मेवारी दिइनेछ । यस्तै निर्माण पश्चात आवधिक समयकोलागि वा प्रतियोगितामूलक सञ्चालन र संभारको पनि जवाफदेहीता सहित जिम्मेवारी दिइनेछ । |

**ग. खेल पूर्वाधार विकासमा लगानी**

| | | |
|---|---|---|
| १ | निजीलगानीमाः | ● तोकीएका खेल पूर्वाधारहरु<br>○ व्यवसायी, व्यवसाय संघ, खेल क्लब वा संघले<br>○ विद्यालयहरुले<br>○ विदेशी खेल सम्बन्धि संस्थाहरुले |
| २ | सार्वजनिक निजी साझेदारीमा | ● सरकारको लगानी सहितको हुने बहुखेल रंगशाला, कोर्ट र कभर्डहल<br>● सरकारको लगानी रहितको हुने एकल तथा संयुक्त खेलका अन्य तथा स्थान विशेषका पूर्वाधार |
| ३ | सरकारको स्वलगानीमा | ● कुनै तोकिएको खेल पूर्वाधारको विकास सरकारले स्वलगानीमा मात्र पनि सीमित गर्न सक्नेछ |

पूर्वाधार विकासमा सकृयता र लगानी सहभागिता यस प्रकार गराउने:

- अन्तर्राष्ट्रीय प्रतियोगिता योग्य बहुखेल पूर्वाधार (रंगशाला, कोर्ट, कभर्ड हल) को विकासमा संघिय सरकारको सकृयतामा स्वदेश तथा विदेशका विभिन्न श्रोतको सहभागिता परिचालन गर्ने
- प्रदेशस्तरीय बहुखेल पूर्वाधार (रंगशाला, कोर्ट, कभर्ड हल) को विकासमा संघिय सरकार सहित राष्ट्रिय खेलकुद परिषदको सकृयतामा प्रदेश सरकार र निजी साझेदारी संमिश्रण गर्ने
- प्रदेशस्तरीय एकलखेल पूर्वाधार (रंगशाला, कोर्ट, कभर्ड हल) को विकासमा प्रदेश सरकार सहित सम्बन्धित खेल संघको सकृयतामा स्वदेशी वा विदेशी साझेदारी सुनिश्चित गर्ने
- विशेष तोकिएका खेलको पूर्वाधार विकास विशिष्ट निकायको सकृयतामा बहुसहभागिता खुला राखि कार्यान्वित गर्ने (जस्तै इक्वेष्ट्रियनमा नेपाली सेना, स्की र रक क्लाइम्बिङमा नेपाल पर्वतारोहण संघ, आदि)
- स्थानीय तहमा एकौटा बहुखेल पूर्वाधार (रंगशाला, कोर्ट, कभर्ड हल) को विकासमा स्थानीय सरकारको संयोजनमा प्रदेश सरकार सहित खेल संगठन र स्थानीय निजी व्यवसायीसंगको साझेदारी सम्मिलित गर्ने,
- विद्यालयमा खेल पूर्वाधारको विकास स्थानीय विद्यालय संघको सकृयतामा सहभागी विद्यालयको सकृयतामा निर्माण र सञ्चालन गर्ने ।
- विशेषत स्थानीय परम्परागत लगायत प्रचलनमा आएका खेलहरुका पूर्वाधार विकास तोकिएको मापदण्ड बमोजिम व्यवसायमूलक हिसावबाट निर्माण र सञ्चालन गर्न दिइने

## घ. खेल पूर्वाधारमा सार्वजनिक निजी साझेदारी

सरकारले बहूखेल पूर्वाधार विकासमा व्यवसायिक पक्ष सहितको आर्थिक प्राविधिक अध्ययन र संरचना प्रस्ताव प्रतिवेदन तयार गराउनेछ । तत्पश्चात जग्गा भोगाधिकारमा उपलब्ध गराइ पूर्वाधार विकासमा निम्न तरीकाको साझेदारीको प्रस्ताव आह्वान गर्नेछ:

| क्र.सं. | खेल पूर्वाधार | सरकार | निजी साझेदार | साझेदारी आकर्षण |
|---|---|---|---|---|
| १ | संघीय तहमा अन्तर्राष्ट्रीय प्रतियोगिता योग्य बहुखेल पूर्वाधार (रंगशाला, कोर्ट, कभर्ड हल) | जग्गा, परियोजना प्रस्ताव तयारी लागत पुरै, निमार्णलागतको<br>२५ प्रतिशत | लगानी जुटाइ<br>निर्माण, सञ्चालन तथा हस्तान्तरण | सहुलियत ऋण सुविधा,<br>आयकर छुट,<br>सरकार संग सहमति गरिए बमोजिम खेल सञ्चालनकर्ता बाट शुल्क, |
| २ | प्रदेश तहमा राष्ट्रियस्तरको बहुखेल पूर्वाधार (रंगशाला, कोर्ट, कभर्ड हल) | जग्गा, परियोजना प्रस्ताव र निमार्णलागतको<br>१५ प्रतिशत | | |

| | | | | |
|---|---|---|---|---|
| ३ | स्थानीय तहमा स्थानीयस्तरको बहुखेल पूर्वाधार (रंगशाला, कोर्ट, कभर्ड हल) | जग्गा, परियोजना प्रस्ताव र निमार्णलागतको १० प्रतिशत | | अन्य प्रयोजन र व्यापारिक क्षेत्रमा सेवा शुल्क र बहाल आम्दानी |
| ४ | एकल तथा संयुक्त खेलका अन्य तथा स्थान विशेषका पूर्वाधारहरु | जग्गा, परियोजना प्रस्ताव र निमार्णलागतको ० प्रतिशत | | |

- निजी साझेदार एकल तथा संयुक्त हुन सक्नेछ ।
- साझेदारी प्रस्ताव कर्ताले आफ्नो स्वलगानी सहित लागतको बांकी परिमाणमा सरकारबाट माथि उल्लिखित मध्ये कति प्रतिशत र अन्य विविध श्रोतबाट अनुदान वा सहयोग तथा ऋण परिचालन कति र कसरी परिपूर्ति गर्ने र निर्माण, सञ्चालन र मर्मत संभार कसरी व्यवस्थापन गर्ने हो सो खुलाइ प्रस्ताव पेश गर्नु पर्नेछ ।
- पेश गरिएका प्रस्तावहरुको विश्वसनीयता जांच गरि उपयुक्त प्रस्तावकको छनौट गरि साझेदारीको संझौता गरिने ।
- विविध श्रोतबाट अनुदान वा सहयोग निम्न प्रकारको हुन सक्नेछः
  - रंगशालाको खण्डित भाग अथवा एक हल वा एक कोर्ट निजी सहयोग कर्ताको नाममा त्यो भाग, हल वा कोर्ट रहने वा
  - निर्माण पछि त्यस भाग हल वा कोर्ट सञ्चालन गरिदां हुने आम्दानीको निश्चित हिस्सा सम्बन्धित निजी व्यवसायीलाइ दिइने
- संझौता पश्चात सरकारको लगानी सहभागिता हुने साझेदारीमा संयुक्त परियोजना सञ्चालन कम्पनी गठन हुने ।
- निमार्ण अनुमति पाएको ३० वर्ष सम्म निजी साझेदारले सञ्चालन व्यवस्थापन र मर्मत संभार तथा पूर्वाधार अध्यावधिकरण गर्नु पर्नेछ र तत्पश्चात सम्बन्धित पूर्वाधार सरकारलाइ हस्तान्तरित हुनेछ ।
- खेल पूर्वाधार सञ्चालन भन्नाले खेल (प्रतियोगिता तथा प्रशिक्षण)कोलागि तथा खेल नभएको समय बैठक सेमिनार तथा विशेष पर्व महोत्सव मनाउनकोलागि उपलब्ध सुविधा सहज गराउनु हुनेछ । यस बाहेक व्यापारिक क्षेत्र भांडामा लगाउनु हुनेछ ।
- पूर्वाधार उपयोग गर्ने सम्बन्धित खेल संघ।क्लव वा अन्य संस्थाबाट पूर्वाधार सञ्चालकले एकमुष्ट शुल्क उठाउनेछ वा दर्शकबाट उठाइने शुल्कको निश्चित प्रतिशत हिस्सा प्राप्त गर्नेछ । यस्तै खेल पूर्वाधारको व्यापारिक क्षेत्रबाट बहाल लगाइ भांडा उठाउनेछ ।
- यसरी आर्जन गरिने लाभबापत सञ्चालनको दशवर्ष सम्म आयकर तिर्नुपर्ने छैन । टिकट वा सेवा बिक्रीमा भने सरकारले निश्चित प्रतिशत सेवा दस्तूर लिनेछ ।

**<u>ङ. अन्य प्रावधान</u>**

साझेदारी नगरिएको वा साझेदारीको अवधि सकिएको अवस्थमा खेल सञ्चालन र पूर्वाधार मर्मत संभारको जिम्मेवारी यस प्रकार हुनेछः

- राष्ट्रीय खेलकुद परिषदद्वारा अर्न्तराष्ट्रिय र राष्ट्रिय खेल प्रतियोगिताहरु सञ्चालित हुनेछन तथा अन्तर्राष्ट्रीय स्तरको बहुखेल रंगशाला कभर्डहल तथा कोर्टहरुको मर्मत संभारको जिम्मेवारी पनि रहनेछ ।
- प्रदेश सरकारको अगुवाइमा प्रादेशिक खेल प्रतियोगिताहरु सञ्चालित हुनेछ तथा राष्ट्रीय स्तरको बहुखेल रंगशाला कभर्डहल तथा कोर्टहरुको मर्मत संभारको जिम्मेवारी पनि रहनेछ ।
- स्थानीय सरकारको अगुवाइमा स्थानीय खेल प्रतियोगिताहरु सञ्चालित हुनेछ तथा स्थानीय स्तरको बहुखेल रंगशाला कभर्डहल तथा कोर्टहरुको मर्मत संभारको जिम्मेवारी पनि रहनेछ ।
- खेल विधागत प्रतियोगिताहरु राखेप वा सम्बन्धित प्रदेश वा स्थानीय सरकारको अनुमतिमा सम्बन्धित खेलसंघले गर्नेछन तथा प्रयोग गरिएको पूर्वाधारको लगत्तै मर्मत संभारको जिम्मेवारी पनि रहनेछ ।
- तोकीएका एकल खेल रंगशाला कभर्डहल तथा कोर्टहरुको मर्मत संभारको जिम्मेवारी सम्बन्धित खेलसंघ रहनेछ र सो भएनभएको अनुगमन सरकारद्वारा गरिनेछ ।

## ४. कार्यगत रणनीति, योजना र कार्यक्रम

### क. रणनीति

प्रस्तावित नीतिले मार्गदर्शन गरेबमोजिम खेल पूर्वाधार विकासको निम्न परिलक्ष्य हुनेछः

- समग्र राष्ट्रमा एशियाली खेलकुद प्रतियोगितामा समाबेश हुने खेल सञ्चालन गर्न सकिने बहुखेल रंगशाला, कोर्टयार्ड र कभर्डहलका साथै विशेष खेलका तत्सम्बन्धि पूर्वाधार सिर्जना २० वर्ष भित्र गरिनेछ ।
- ७ वटै प्रदेशमा दक्षिण एशियाली तथा राष्ट्रिय खेलकुद प्रतियोगितामा समाबेश हुने खेल सञ्चालन गर्न सकिने बहुखेल रंगशाला, कोर्टयार्ड र कभर्डहल सिर्जना १० वर्ष भित्र गरिनेछ ।
- ७५३ वटै स्थानीय तहमा आन्तरीक प्रतियोगिता गर्न सकिने बहुखेल रंगशाला, कोर्टयार्ड र कभर्डहल १५ वर्षे कमिक योजना बनाइ विकास गरिनेछ ।
- खेल विशेष एकल पूर्वाधारको विकास आवश्यकताको साथै स्थान उपयुक्तता र संभाव्यताको आधारमा गरिनेछ ।

खेल पूर्वाधार विकास निम्न रणनैतिक बाटो भै लक्ष्यित र कार्यान्वीत गरिने छः

अ. संघ, प्रदेश र स्थानीय तह सबैले खेल विधा र स्थान चयन सहितको प्रशिक्षण र प्रतियोगिताकालागि खेल पूर्वाधार विकास गुरु योजना बनाउनेछनः

- बहूखेल पूर्वाधार
    - १ अन्तर्राष्ट्रीय स्तरको ३०-४०,००० दर्शक अटाउने बहुखेल रंगशाला र ७-१०,००० दर्शक अटाउने बहुखेल कभर्डहल तथा बहुखेल कोर्टहरु
    - ७ राष्ट्रीय स्तरको १५-२०,००० दर्शक अटाउने बहुखेल रंगशाला र ५-७,००० दर्शक अटाउने बहुखेल कभर्डहल तथा बहुखेल कोर्टहरु

- ○ ७५३ स्थानीय स्तरको ५-१०,००० दर्शक अटाउने बहुखेल रंगशाला र ३-५,००० दर्शक अटाउने बहुखेल कभर्डहल तथा बहुखेल कोर्टहरु
- ● खेल विशेष एकल पूर्वाधार
  - ○ नेपालले उच्च प्राथमिकतामा राखेका खेलहरु -क्रिकेट, फुटबल आदि खेल शिक्षालय सहित
  - ○ स्थानीय विशेष खेलहरु
  - ○ पर्यटकीय आकर्षणका साहसिक खेलहरु
  - ○ उच्च धरातलिय प्रशिक्षण आकर्षित हुने खेलहरु
  - ○ विद्यालयस्तरमा अंगालिएका खेलहरु -उच्च शिक्षा प्रदान गर्ने विद्यालयहरुमा न्यूनतम पूर्वाधार
  - ○ शहरी वातावरणमा मौलाएका खेलहरु -निजी वा खेलसंघको लगानीमा तयार गरिने पूर्वाधार
  - ○ निजी लगानीकोलागि खुला गरिएका खेलहरु

आ. गुरुयोजना बमोजिम सबै खेल पूर्वाधारको विकास व्यवसायिक पक्षसमावेश सहितको हुनेछ।

- ○ प्रत्येक खेल स्थानको आ-आफ्नै व्यवसायिक गुञ्जायस हुने भएकोले आर्थिक प्राविधिक र वातावरणीय संभाव्यता र परियोजनाको विस्तृत इञ्जीनियरिङ सो स्थानको अध्ययनमा आधारित गरिनु पर्नेछ।
- ○ प्रत्येक खेल पूर्वाधार तोकिएको मापदण्ड बमोजिम विकास गरिनुपर्नेछ र ती सबै बाल मैत्री, लैंगिक मैत्री र अपांग मैत्री हुनुपर्नेछ।

इ. सबै बहूखेल र तोकिएका विशेष एकलखेल पूर्वाधार विकासकोलागि सरकारले जमीन भोगाधिकार (लिज)मा उपलब्ध गराउनेछ तथा पूर्वाधार विकासमा बहूपक्षिय लगानी सन्निहित गरिनेछः

- ○ बहूखेल रंगशालामा सरकार (पूर्वाधारको स्तर हेरी एक वा तीनै तह)को लगानी रहनेछ र स्वदेश तथा विदेशबाट पारदर्शीरुपमा अनुदान पनि स्वीकार्न सकिनेछ।
- ○ बहूखेल कोर्ट तथा कभर्डहलमा सार्वजनिक निजी साझेदारी लगायत सञ्चालनको आर्थिक संभाव्यताको आधारमा वित्तीय ऋण परिचालन गरि कार्यान्वीत गर्न सकिनेछ, यसकोलागि कार्यान्वयन पूर्व नै सरकार, सम्बन्धित खेल संघ र सञ्चालनकर्ता :व्यवस्थापन बीच संझौता भएको हुनुपर्नेछ।
- ○ विशेष एकलखेल पूर्वाधार सार्वजनिक निजी साझेदारीमा व्यवस्थापकीय संझौता सहित सम्पन्न गर्न खुला गरिनेछ।
- ○ विद्यालय तथा खेल संघ र निजी लगानीमा तयार गरिने पूर्वाधार सम्बन्धितले सरकार संग अनुमतिलिइ तोकिएको मापदण्ड बमोजिम विकास र सञ्चालन गर्न सक्नेछन।

**ख. लगानी**

सरकारले जग्गा उपलब्ध गराएर त्यहां बहुखेल पूर्वाधार (रंगशाला, कोर्ट, कभर्ड हल) विकास गर्न आजको मूल्यमा निम्न बमोजिम पूंजीगत लगानी आवश्यक पर्दछः

| Multipurpose Stadium Construction | | | | | |
|---|---|---|---|---|---|
| Capacity: 20000 - 25000 pax | | | | | |
| **S.N.** | **Description** | **Area** | **Unit** | **Rate** | **Amount** |
| **A** | **Building Works** | | | | |
| 1 | Main Grandstand | 45000 | M² | 20,000.00 | 900,000,000.00 |
| 2 | Ancillary Buildings | 10000 | M² | 10,000.00 | 100,000,000.00 |
| 3 | Running Track and Infield Item | 1 | job. | 150,000,000.00 | 150,000,000.00 |
| 4 | Seating 25,000 nos. | 25000 | set. | 15,000.00 | 375,000,000.00 |
| | **Total** | | | | **1,525,000,000.00** |
| **B** | **External Works** | | | | |
| 1 | Grass Training Pitch | 1 | job | 5,000,000.00 | 5,000,000.00 |
| 2 | Synthetic Training Pitch | 1 | job | 6,000,000.00 | 6,000,000.00 |
| 3 | Floodlighting (per pitch) | 2 | No. | 500,000.00 | 1,000,000.00 |
| 4 | Warm Up Area and Track | 1 | job | 7,500,000.00 | 7,500,000.00 |
| 5 | Car Park and Landscaping | 500 | No. | 50,000.00 | 25,000,000.00 |
| | **Total** | | | | **44,500,000.00** |
| | **Grand Total (A+B)** | | | | **1,569,500,000.00** |

| Multipurpose Indoor Covered Hall | | | | | |
|---|---|---|---|---|---|
| Capacity: 5000 pax | | | | | |
| **S.N.** | **Description** | **Area** | **Unit** | **Rate** | **Amount** |
| **A** | **Building Works** | | | | |
| 1 | 12 Court Sports Hall | 5000 | M² | 30,000.00 | 150,000,000.00 |
| 2 | Car Park/ Landscaping - participants | 50 | No. | 100,000.00 | 5,000,000.00 |
| 3 | Car Park/ Landscaping - spectators | 100 | No. | 50,000.00 | 5,000,000.00 |
| | **Total** | | | | **160,000,000.00** |

सम्बन्धित स्थानमा परियोजना अध्ययन गर्दा त्यहां तोकिए बमोजिमको खेल पूर्वाधार विकास गर्न लाग्ने लागत निश्चित हुनेछ । माथिको अनुमानमा जग्गा बाहेक एउटा अन्तर्राष्ट्रीय स्तरको बहुखेल रंगशाला, कभर्डहल तथा कोर्टहरु तयार गर्न रु ४ अरव आवश्यक पर्नेछ । ७ वटा राष्ट्रीय स्तरको बहुखेल रंगशाला, कभर्डहल तथा कोर्टहरु तयार गर्न रु २ x ७ अरव आवश्यक पर्नेछ तथा ७५३ स्थानीय स्तरको बहुखेल रंगशाला, कभर्डहल तथा कोर्टहरु तयार गर्न रु १ x ७५३ अरव आवश्यक पर्नेछ । यो रकम व्यवसायिक पक्ष हिसाब नगरिकन हो ।

खेल पूर्वाधारमा मात्र सीमित गरिएमा लगानी नउठ्न सक्छ। व्यवसायिक स्थल सहितको वा व्यवसायिक रुपान्तरण गर्न सकिने किसिमको खेल पूर्वाधार विकास सार्वजनिक निजी साझेदारीकोलागि अपरिहार्य छ। सो सन्निहित बहुखेल रंगशाला, कभर्डहल तथा कोर्टहरुको विकास प्रारुप तयार गरिए पश्चात निजी लगानी आकर्षण गर्न सकिने छ।

**ग. कार्य योजना**

खेल पूर्वाधारको व्यवसायिक अवधारणा सहितको विकास कार्यान्वयनार्थ निम्न कार्ययोजना तय गरिएको छ:

| क सं | कार्य विवरण | २०७५।७६ | ३ वर्ष | १० वर्ष | १५ वर्ष | २० वर्ष |
|---|---|---|---|---|---|---|
| १ | नीति तथा कार्यक्रमको सार्वजनिकरण | # | | | | |
| २ | सरकारको तीनै तहबाट गुरुयोजना तयार | # | | | | |
| ३ | उपयुक्त पूर्वाधारको संभार र स्तरोन्नति | | # | | | |
| ४ | पूर्वाधार निमार्णको परियोजना प्रतिवेदन | | # | | | |
| ५ | पूर्वाधार निमार्णको तयारी र संझौता | | # | | | |
| ६ | पूर्वाधार निमार्णको चरण | | | | | |
| ६.१ | राष्ट्रस्तरीय बहूखेल पूर्वाधार | | | # | # | # |
| ६.२ | प्रदेशस्तरीय बहूखेल पूर्वाधार | | | # | | |
| ६.३ | नगरपालिकास्तरीय बहूखेल पूर्वाधार | | | # | # | |
| ६.४ | गाउंपालिकास्तरीय बहूखेल पूर्वाधार | | | | # | # |

# अनुसूचि

## १. अध्ययन परिचय
### १.१ विषय प्रवेश

राष्ट्रिय खेलकुद नीति २०६७ ले सरकारी, गैरसरकारी एवं निजी क्षेत्रका खेलकुद संस्थाबीच समन्वय, सहकार्य एवं साझेदारीको वातावरण सिर्जना गरी खेलकुदलाई जनजीवनको अभिन्न अंग बनाउन. शारीरिक, मानसिक, बौद्धिक र नैतिक क्षमतायुक्त मानव संसाधनको विकास गर्ने लक्ष्यका साथ राष्ट्रको खेलकुद क्षेत्रको व्यापक विकास तथा विस्तार गर्न खेलकुदमा निजी क्षेत्रको सहभागिता र लगानीका अवसरहरुमा वृद्धि गर्ने उद्देश्य राखेको छ । चौधौँ योजना (२०७३-२०७६)ले राष्ट्रिय विकासको अभियानमा एकजुट हुन र खेलकुदको विकास र विस्तारमा सयम सापेक्ष सुधार गर्न सरकारी, गैरसरकारी एवं निजी क्षेत्रबीच समन्वय, सहकार्य एवं साझेदारीको वातावरण सिर्जना गरि खेलकुद विकास र विस्तार गर्ने प्रयासको प्रतिबद्धता  गरेको छ । "सबैका लागि खेलकुद" भन्ने अभियानलाई साकार पार्न खेल पूर्वाधार निर्माण र संरक्षणको कार्यका लागि सम्भाव्यता अध्ययन गरि पूर्वाधार विकासमा सार्वजनिक निजी साझेदारीको मान्यताका आधारमा निजी क्षेत्रमा उपलब्ध साधनस्रोत, कौशल, प्रविधि र श्रमलाई सार्वजनिक महत्वका कार्यमा उपयोग गर्न सकिने आधार **सार्वजनिक निजी साझेदारी नीति, २०७२** ले प्रदान गरेको छ । यसका साथै पूर्वाधार विकास र खेलकुद विकासको कार्यलाई नियमन र व्यवस्थित गर्न बनेका खेलकुद विकास ऐन, २०४८, सार्वजनिक पूर्वाधार संरचना निर्माण, संचालन तथा हस्तान्तरण सम्बन्धी नीति २०५७, पूर्वाधार संरचनाको निर्माण तथा संचालनमा निजी लगानी सम्बन्धी ऐन २०६३ र नियमावली २०६४ आदिले सार्वजनिक-निजी साझेदारीको क्षेत्रमा स्थानिय तहमा स-साना पूर्वाधार सम्बन्धी कार्यलाई मार्गनिर्देशन गरेका छन् ।

**औचित्यः**

स्थानीय तथा परम्परागत खेलहरुको उत्थान एवं राष्ट्रिय मान्यता प्राप्त गरेका र अर्न्तराष्ट्रिय रुपमा सहभागिता जनाउन सकिने खेलहरुको सञ्चालन लगायत अरुदेशका खेलाडीलाइ उपयुक्त भौगोलिक उचाइमा खेल प्रशिक्षण तर्फ पर्यटकीय आकर्षण सम्बन्धमा विभिन्न विधाका खेलहरु चयनका साथै संभाव्य ढांचामा सार्वजनीक नीजि साझेदारीमा आवश्यकीय पूर्वाधारको विकासलाइ उपयुक्त नीतिगत मार्गदर्शन र सोही बमोजिम कार्ययोजनाको निर्देशनकोलागि प्रस्तावित अध्ययनको अपरिहार्यता महशूस गरिएको छ ।

### १.२ उद्देश्यः

उल्लिखित औचित्यतालाइ दृष्टिगत गरि खेलकुद पूर्वाधार निर्माणमा सार्वजनिक-निजी साझेदारी सम्भाव्यता अध्ययनले निम्न उद्देश्य राखेको छः

- नेपालको खेलकुद क्षेत्रलाई विश्वव्यापी मान्यता र मापदण्ड बमोजिम विकास गर्नका निमित्त खेल पूर्वाधारको निर्माण, संचालन र संरक्षण कार्यमा सरकारी, गैर सरकारी एवं निजी क्षेत्रको सहभागीता, समन्वय र साझेदारीको सम्भाव्यता अध्ययन गर्नु, र यसको आधारमा
- बृहत्तर रुपमा साझेदारीको वातावरण निर्माण गर्न समेतकोलागि नीतिगत प्रस्ताव तथा कार्यगत रणनीति, योजना र कार्यक्रमको ढांचा सिफारिस गर्नु ।

## १.३ अध्ययनको क्षेत्र:

अध्ययनकालागि तय गरिएका उद्देश्यहरूको प्राप्तिकालागि सम्बन्धी सम्भाव्यता अध्ययनले प्रदेश र स्थानीय तहमा प्रतियोगितात्मक-खेल सञ्चालनकोलागि सार्वजनिक-निजी साझेदारीमा बहुउद्देश्यीय खेलस्थल संरचना (Multipurpose Sports Facility) र सार्वजनिक शैक्षिक संस्थाहरुमा खेलाडी विकासकोलागि आधारभूत खेलस्थलको संरचना पक्षलाई ध्यान दिइएको छ । साझेदारी मार्फत खेलकुदलाइ व्यवसायिक रुपमा सञ्चालन गरी आयआर्जन रोजगारी सृजना र देशको प्रतिष्ठा बढाउन आवश्यकीय प्रावधान सहितको कार्यढांचा तय गर्नेमा जोड दिइएको छ ।

सम्भाव्यता अध्ययनको कार्यक्षेत्र निम्न रहेका छन्:

- ग्रामीण, परम्परागत, साहसिक, लगायत राष्ट्रिय एवं अन्तराष्ट्रियस्तरमा खेलिने खेलहरू र ती खेल विधाहरूको संरचनात्मक स्वरुप विवरणका साथै अन्यत्र तीनका सञ्चालन र दर्शकीय कक्ष लगायत पूर्वाधारका आवश्यकीय प्राविधिक प्रबन्ध
- सोको आधारमा मौजुदा पूर्वाधारहरूको अवस्थाको अध्ययन गरि त्यस क्षेत्रमा सुधार गर्नुपर्ने तथा भविष्यमा निर्माण गर्नुपर्ने खेल विधागत पूर्वाधार पक्षहरुको निर्क्यौल
- उपरोक्तकै सन्दर्भमा सामाजिक सांस्कृतिक, बालमैत्री, महिलामैत्री, अपांगमैत्री सहित खेल्नका लागि उपयुक्त वातावरण सहितको व्यवस्था के गरिनु पर्ने, निर्माण गर्नुपर्ने पूर्वाधारको समय र लागतको अनुमान
- संघ, प्रदेश र स्थानीय तह एवम् सार्वजनिक शैक्षिक संस्थाहरुमा खेल पूर्वाधार निर्माण र संरक्षणमा सार्वजनिक निजी साझेदारीको सम्भाव्य खाका
- उक्त निरुपणलाई दृष्टिगत गरि अन्य प्रदेश समेतमा खेल पूर्वाधार विकासमा सार्वजनिक निजी साझेदारीकोलागि नीतिगत प्रस्तावको साथै रणनीति, योजना र कार्यक्रम तर्जुमागर्ने ढांचा

## १.४ अध्ययन विधि:

संभाव्यता अध्ययन पोखरा केन्द्रीत गरि प्रदेश ४ मा गरिएको छ। अध्ययनमा निम्न विधि प्रयोग गरिएको छ:

- खेलविधा
  - बहुउद्देश्यीय खेलस्थल संरचनाकोलागि ग्रामीण, परम्परागत, साहसिक, लगायत राष्ट्रियस्तरमा खेलिने खेलहरूको सूचिकरण
  - ग्रामीण, परम्परागत खेलको हकमा ती खेल विधाहरूको विवरण ती खेलका मान्य अभिलेख र सो नभए ती खेलका अग्रण्य व्यक्तित्वसंग छलफल
  - राष्ट्रियस्तरका र अन्तराष्ट्रिय खेलहरुका हकमा ती खेल विधाहरूको विवरणकासाथै अन्यत्र तीनका सञ्चालन र दर्शकीय कक्ष लगायत पूर्वाधारका आवश्यकीय पक्षहरुको विवरण

- संभावना
  - उल्लिखित खेलहरुको संभावनाबारे उपयुक्तता विषय स्थानीय खेलसरोकारवालाहरुसंग अर्न्तकृया
  - प्रस्तावित खेलहरुको विधागत विवरणको आधारमा पोखरा, मुस्ताङ र लमजुङमा स्थान अवलोकन र स्थानीय खेलविद तथा सरोकारवाला संग अर्न्तकृया

- ती क्षेत्रमा सम्बन्धित खेलका मौजुदा पूर्वाधारहरूको अवस्था तथा सामाजिक, सांस्कृतिक, बालमैत्री, महिलामैत्री, अपांगमैत्री उपयुक्त वातावरण सहितपूर्वाधार पक्षहरुको व्यवस्था सहित भविष्यमा निर्माण गर्नुपर्ने पूर्वाधार आवश्यकता त्यसको प्रयोग र दर्शकीय संभावना

- लागत
  - संभार र निर्माणको विद्यमान अवस्थितिबारे प्राविधिकहरुसंग छलफल र देशका अन्यत्र क्षेत्रमा खेल विधाअनुरुप पूर्वाधारको लागत र विदेशमा समेत तिनको निर्माण गर्दाको लागतलाइ आधारको रुपमा लिइ उल्लिखित प्राविधिक प्रारुप बमोजिम पूर्वाधारको सुधार तथा निर्माण गर्दाको लागत अनुमान
- सार्वजनिक निजी साझेदारी
  - प्रदेश र स्थानीय तह एवम् सार्वजनिक शैक्षिक संस्थाहरुमा खेल पूर्वाधार निर्माण र संरक्षणमा साझेदारीको संभावना स्थानीय अग्रण्य सूचनादाता (Key Informants) संग अन्र्तकृया गरी शैक्षिक संस्था र निजी उद्यम वर्ग लगायतका प्रतिनिधि समूह छलफल (Focused Group Discussion)
  - सोही अनुमानको आधारमा सार्वजनिक निजी साझेदारीको सरकारको नीतिगत प्रावधान समेत हेरी खेलविधा र खेलस्थलसंग सम्बद्धहुन सक्ने निजी (शैक्षिक संस्था । निजी उद्यम । दाता) सहभागिता (मात्रा र प्रकार) को आकलन गरि साझेदारीको नीतिगत प्रस्ताव र कार्यगत ढांचाको मसौदा तयार

**अध्ययन अनुसन्धान रणनीति**

अवलोकन र अन्र्तकृया गरि सोको विश्लेषणको आधारमा पूर्वसंभाव्यता अध्ययन गरिएको छ । पोखरालाई अध्ययनको केन्द्रविन्दूको रुपमा तथा मुस्ताङ र लमजुङलाई सहायक क्षेत्रको रुपमा लिइ प्रदेश ४ को अन्य जिल्लामा सोही आधारमा खेलविकासको खाका तय ।

सूचना तथा तथ्यांक प्राप्तिकोलागि प्राथमिक क्षेत्र सम्बन्धित क्षेत्रिय र जिल्ला खेलकुद विकास समितिका पदाधिकारी, जिल्ला समन्वय समितिका पदाधिकारी महानगरपालिका र गाउँपालिका, केन्द्रीय र स्थानीय प्रशासन लगायत सम्बद्ध निकायका पदाधिकारी सँग छलफल गरिएको छ । अध्ययन स्थलका बासिन्दा, जनप्रतिनिधिहरु, खेलसंघका पदाधिकारीहरू र सो सँग सम्बन्धित विज्ञ एवम् सरोकारवालाहरू सँग जानकारी लिइएको छ ।

पूर्वाधार विकाससँग सम्बन्धित लेख रचना, पुस्तक तथा अन्य प्रकाशित सामग्रीहरू तथा अन्य निकायहरूबाट यस सम्बन्धी अध्ययन भएका प्रतिवेदनहरूलाई सहायक श्रोतको रूपमा प्रयोग गरिएको छ । खेलकुद पूर्वाधार निर्माणमा सार्वजनिक-निजी साझेदारीको संभाव्यता अध्ययन गर्दा खेलकुद पूर्वाधारको प्रकृति, स्थल, आन्तरिक र बाह्य यातायात, संचार, भौगोलिक अवस्था, खेल मैत्री संस्कृति, वातावरणीय पक्ष, आवासीय पक्ष, पर्यटकीय गन्तव्य, सुरक्षा सेवा, सम्बन्धित क्षेत्रमा पार्नसक्ने आर्थिक र सामाजिक प्रभाव लगायतका विषय एवं अन्य आवश्यक विषय एवं सुविधाहरूको बारेमा तथ्यांक संकलन र विश्लेषण गरिएको छ । उल्लिखित जिल्लाका सम्भाव्य क्षेत्रहरूको स्थलगत अध्ययन/भ्रमण गरिएको छ ।

**अन्तरक्रिया**

अध्ययन विधि प्रयोग गर्दा विषयगत अन्र्तकृया सूचि (Check list)प्रयोग गरी आवश्यक सूचना तथा तथ्यांक संकलन गरिएको छ । खेलस्थल अवलोकन लगायत अग्रण्य सूचनादाता (Key Informants) र प्रतिनिधि समूह छलफल (Focused Group Discussion) सबै कार्यमा सम्बन्धित अन्र्तकृया सूचिको प्रयोग गरिएको छ ।

निम्न प्रसंगहरु अन्र्तकृयाको विषय वस्तु रहे:

- स्थानीय परम्परागत खेलहरु र प्रतियोगित्मक अन्य खेलहरु र तिनको सञ्चालन कहां, कहिले, कस्ले
- विभिन्न खेलका पूर्वाधार, कसको जिम्मामा रहेको र कुन स्थितिः राम्रो, संभार गर्नुपर्ने, हालत बिग्रिएको
- शैक्षिक संस्थाहरुमा खेल पूर्वाधार स्थिति, कुन खेल र कोसंग सम्बधन
- त्यस जिल्ला, गाउं । नगरपालिकामा खेल विकासको संभावनाः कुन खेल, कुन स्थान र कसरी, भौगोलिक प्रकृति, वातावरण, खेलमैत्री संस्कृति, यातायातको सरसुविधा,
- खेल विकास समिति र खेल संघहरुको सकृयता स्थिति
- पूर्वाधार विकास, संभार र सञ्चालनमा निजी क्षेत्रको आकर्षण स्थितिः कुन खेल, कुन निजी समूह
- सार्वजनिक निजी साझेदारी अवलम्बन कसरी गर्न सकिन्छः सरकारले के गरिदिनु पर्‍यो, निजी क्षेत्रले कसरी गर्ने हो ।
- खेल अनुसार स्थानीय प्रतियोगिताको संभावना र दर्शकीय उपस्थितिको अनुमान र टिकट मूल्य

अर्न्तकृया सम्बन्धित खेल तथा संस्था सम्बद्ध खेलविद तथा पदाधिकारी संग गरियोः

- प्रदेश सरकार सामाजिक विकास मन्त्रालय
- स्थानीय प्रशासनः पोखरा लेखनाथ महानगरपालिका, सुन्दरवजार नगरपालिका, बेसीशहर नगरपालिका, जोमसोङ गाऊपालिका, ....
- जिल्ला खेलकुद विकास समिति कास्की र मुस्ताङ, जिल्ला युवा परिषद, शैक्षिक संस्थाहरु, उद्योग वाणिज्य संघ कास्की
- सम्बन्धित विधाका खेल संस्थाहरु र खेलविदहरु

स्थलगत जानकारी निम्नानुसार हासील गरिएः

युवा परिषद

- प्रारम्भिक सम्पर्क, खेलकुद पूर्वाधारको जानकारी, खेल संघहरु र खेल सञ्चालन स्थितिको जानकारी, खेल विकास कार्यक्रमको जानकारी

प्रदेश सरकार युवा खेलकुद मन्त्रालय, स्थानीय प्रशासन

- खेलकुद नीति कार्यक्रम तथा बजेट -जिल्ला, नगर एवं गाउंपालिका क्षेत्र
- कार्यक्रमको जिम्मेवारी र सरोकार पक्ष
- कार्यक्रम कार्यान्वयन स्थिति
- पूर्वाधार विकास र साझेदारी, साझेदारीका संभाव्य खेल र व्यवसायी समूह
- खेलकुद र विद्यालय

खेलकुद विकास समिति

- खेल क्षेत्र, खेल कार्यक्रम, परिचालन सञ्चालन स्थिति
- खेल संघहरुको भूमिका र जिम्मेवारी स्थिति
- पूर्वाधारहरुको विकास र संभार
- खेलहरु सम्बद्ध विद्यालयहरु

- उद्यमीहरुको भूमिका

खेल पूर्वाधारहरुको अवलोकन – अध्यावधिक स्थिति

शैक्षिक संस्था, खेलसंघ, स्थानीय प्रशासन, उद्योग वाणिज्य संघ,र खेलका प्रतिनिधी खेलाडीहरु संग छलफल

- खेल चयन र सञ्चालन स्थिति समीक्षा, जिम्मेवारी र साझेदारी
- खेल पूर्वाधारको विकासः पहल र बजेट परिचालन, कार्यान्वयन जिम्मेवारी र साझेदारी
- खेल कुन, पूर्वाधार योजना कस्तो र कहां, कार्यान्वयन जिम्मेवारी कसको, सहभागिता ककस्को र साझेदारीको संग र कसरी

बिधालय / क्याम्पस

- भौतीक सुबिधा र अवस्था
- बिधार्थीहरुलाई गराईने अतिरिक्त कृयाकलाप / खेलकुद
- बिधार्थीहरुको सक्रिय सहभागीता
- धेरै सहभागी हने क्रियाकलापहरु

व्यवसायी

- खेलमा लगानी बढाउन के गर्न सकिन्छ
- सम्भाबित खेलहरु
- कुन खेल सिफारीस गर्ने
- भौतिक संरचना विकासमा योगदान

खेलाडी

- स्थानिय कुन खेललाई प्रतियोगितात्मक तरीकाले अगाडी बढाउन सकिन्छ।
- राष्ट्रिय खेलमा कुनकुन खेलहरुलाई यस क्षेत्रमा सहभागी गराएमा प्रभावकारी हुन्छ।
- यस क्षेत्रले कुन खेलको भौतिक सुबिधा तालिम कोचिङको व्यबस्थाले गर्दा राष्ट्रिय अन्तर्राष्ट्रिय गर्न सकिन्छ।
- कुनकुन खेलको तालीम केन्द्रहरु रहेका छन्।

पदाधिकारीहरु

- खेलकुदको विकासमा (चालेका कदमहरु)
- आर्थिक बजेट (बार्षिक)
- कुन कस्ता खेललाई यस क्षेत्रमा दीगो बिकास गर्न सकिन्छ।

मूख्य सूचनादाता

- यस क्षेत्रमा खेलकुदको अबस्था
- आर्थीक बजेटको भूमिका (पुग्ने, नपुग्ने)

- तालीम केन्द्रहरु के - के खुलेका छन् ।
- स्थानीय खेलहरु कुन - कुन खेलिन्छन् ? तिनलाई प्रतिस्पर्धात्मक तरिकाले बिकास गर्न सकिन्छकि सकिदैन ?

**१.५ अध्ययनको सीमितता**

अध्ययन निम्न सीमितता बीच गरिएको छः

- प्रदेश ४ को कास्की, लमजुङ र मुस्ताङको खेल पूर्वाधार अवस्थिति र विकासका संभावना र बहूखेल रंगशाला, कभर्डहल तथा कोर्टको न्यूनतम विकास गरिनुपर्ने अपरिहार्यताको वस्तुस्थितिको आधारमा समग्र देश, सबै प्रदेश र सबै स्थानीय तहमा खेल पूर्वाधारको नीतिगत तथा कार्यगत खाका खिचिएको छ ।
- समय र श्रोत को सिमितताले गर्दा खेलकुद विकास सम्बन्धि सैध्दान्तीक पक्ष समेट्न नसकिएको ।

## २. खेल पूर्वाधार विकासः योजना र साझेदारी संभाव्यता

### २.१ खेलविधा प्रचलन र विकास

राष्ट्रिय एवं अन्तराष्ट्रियस्तरमा प्रतियोगितात्मक रुपमा विभिन्न खेलहरू खेलिने गरिएका छन र नेपालको मौलिक परम्परागत खेलहरु लगायत निम्न खेलविधाहरू रहेका छनः

| क सं | खेल समूह | खेल विधा | ओलम्पिक | एशियाली | द. एशिया | नेपाल |
|---|---|---|---|---|---|---|
| १ | एथलेटिक-ट्रयाक | दौड | # | # | # | # |
| | -थ्रो | शटपुट | # | # | # | # |
| | | जाभेलिन | # | # | # | # |
| | | डिसकस | # | # | # | # |
| | -जम्प | हाइजम्प | # | # | # | # |
| | | लङजम्प | # | # | # | # |
| | | त्रिपलजम्प | # | # | # | # |
| | | पोलजम्प | # | # | # | # |
